# Living the Lotus

*Buddhism in Everyday Life*

4
2024
VOL. 223



रिश्शो कोसेइ काइ बाङ्लादेश

**Living the Lotus**
**Vol.223 (April 2024)**

प्रकाशक: रिश्शो कोसेइ काइ अंतराष्ट्रय बिभाग
फुमोन मिडिया सेन्टर २-७-१, वादा सुगीनामी कु टोक्यो १६६-८५३७ जापान
फोन: ८१-३-५३४१-११२४ फ्याक्स्: ८१-३-५३४१-१२२४
इ-मेल्: living.the.lotus.rk-international@kosei-kai.or.jp
प्रमुख सम्पादक: केइइची आकागावा
सम्पादक: केन्सुके ओसादा
नेपाली संसकरण अनुवाद र सम्पादक: नविन अर्याल
सम्पादन कर्मचारी:अंतराष्ट्रय बिभाग कर्मचारी

रिश्शो कोसेइ काइ सन १९३८ सालमा संस्थापक निवानो निचिनो र नागानुमा म्योकोले सुरु गर्नुभएको शद्धर्म पुन्डरिक सुत्र र अरु दुइ सुत्र मान्ने सर्बसाधारण बुद्ध धर्मको संस्था हो। हामी बस्ने ठाउँ, काम गर्ने ठाउँमा गौतम बुद्धका उपदेशहरुको आधारलाई व्यबहारमा ल्याएर शान्तिपूर्ण संसार बनाउन चाहने ब्यक्तिहरु यो संस्थामा आबद्ध छन। अहिले अध्यक्ष निवानो निचिको र हामी बौद्धधर्मालु सदस्यहरु राष्टृय अन्तराष्टृय स्तरमा अरु धर्महरु या परोपकारी संस्थाहरुसँग मिली बुद्धको उपदेश फैलाउन कोसिश गरिरहेका छौ। रिश्शो कोसेइ काइ सन १९३८ सालमा संस्थापक निवानो निचिनो र नागानुमा म्योकोले सुरु गर्नुभएको शद्धर्म पुन्डरिक सुत्र र अरु दुइ सुत्र मान्ने सर्बसाधारण बुद्ध धर्मको संस्था हो। हामी बस्ने ठाउँ, काम गर्ने ठाउँमा गौतम बुद्धका उपदेशहरुको आधारलाई व्यबहारमा ल्याएर शान्तिपूर्ण संसार बनाउन चाहने ब्यक्तिहरु यो संस्थामा आबद्ध छन। अहिले अध्यक्ष निवानो निचिको र हामी बौद्धधर्मालु सदस्यहरु राष्टृय अन्तराष्टृय स्तरमा अरु धर्महरु या परोपकारी संस्थाहरुसँग मिली बुद्धको उपदेश फैलाउन कोसिश गरिरहेका छौ।

Living the Lotus-Buddhism in Everyday life (शद्धर्म पुन्डरिक सुत्र - दैनिक जिवनमा बुद्ध धर्म) भन्ने शिर्षक हाम्रो दैनिकिमा बुद्धको उपदेश कसरी प्रयोग गर्न सकिन्छ भन्ने कुरा बुझाउन, जसरि हिलोमा पनि कमल फकृयको हुन्छ तेस्तै हाम्रो जिवन राम्रो र उधेष्यमुलक होस भन्ने कामना सहित राखिएको हो। यो पत्रीका पढेर संसार मनिसहरुको जिवनमा बुद्धको उपदेश उपयोग गर्नकोलागि ईन्टरनेटमा राखिएको छ।



# जे छ तेहि लाई लिने

Rev. Nichiko Niwano
President of Rissho Kosei-kai

## "सत्य" भनेको के हो त ?

"चट्टाने झरनामाथी काशे अन्कुराउन थाले अब त छिटै बसन्त आउछ कि ? " भन्ने कबिता राजकुमार शिकी (सम्राट तेन्जिका सातौ राजकुमारले" चट्टानको बिचमा झरेको झरनाको छेउमा एक कोपिलदेखी लेखेको कबिताले बसन्तको आगमनलाई दर्शाउछ। जापानको नारा कालको मान्योशु ग्रन्थिको एक कबिता हो र एस्ले पछील्ला पुस्तालाई पनि "बसन्त आयो" है भन्ने उत्साह दिने अदभुत जापानी "वाका" कबिता हो।

तर त्यो कालको मानिस जसरि हामीले स्पष्ट आँखाले प्रकृतिलाई कृतज्ञता र आनन्दसाथ चिजहरु स्विकार गर्न गाहो छ। एस्ता कबिताले आफ्ना मनको बादल र असमर्थतालाई सिकाउने गर्दछ।

र पुरानो बुद्ध ग्रन्थिमा शाक्यमुनी र एक ब्रहामणको कुराकानीमा "सत्यलाई रक्षा गर्नु मेरोलागि खेत गोडाइ जस्तै हो" भन्ने छ। शाक्यमुनिकोलागि "सत्यको रक्षा" गर्नु नै खेतमा झारपात उखेली गोडाइ सरह भन्ने कुरा हो।

अब यो"सत्य" भनेको के हो त ? र एस्लाई "रक्षा" गर्नु भनेको के होला त ?

"सत्य" भन्ने सुन्दा पहिला "धर्म" भन्ने कुरा बुझिन्छ। बुद्धधर्ममा सबैजना धर्ममा जागृत हुनु महत्वपूर्ण हुन्छ तेसैले "सत्यको रक्षा" भनेको धर्मलाई पालना गरी बाच्ने कुरा भन्ने लिन सकिन्छ। बुद्धधर्म ग्रन्थमा "सत्य" भनेको "प्राकृतिक आकृति" "जे छ तेहि" भन्ने जस्ता अर्थ लाग्छ। यसरी हेर्दा चिजबिजको "प्राकृतिक आकृति" लाई आफ्नो रुचिबाट नहेरी तेस्लाई "जे छ तेहि" भनेर लिने कुरा नै "सत्यको रक्षा" हो र तेस्तो गर्न बाधा गर्ने संसारिक इक्षारुपी झारपातलाई मनबाट गोडेर निकालु भनेर शाक्यमुनी लागिपरेका थिए भन्ने लाग्छ।

## झारपात भन्ने बनस्पती हुँदैन

तर इक्षाले मानिसलाई उर्जा पनि दिन्छ "इक्षा नै बोधिसत्व" भन्ने उपदेश जस्तै इक्षानै बोधिसत्व दिलाउने सर्बोत्तम उपाय मध्य एक पनि भनिन्छ। मानिसमा इक्षा भएर नै धर्मलाई बुझ्ने शक्ती जडित हुन्छ तेसैले इक्षालाई प्रयोग गरेर बिकास हुने हो। इक्षा ठुलो हुने मानिसले नै मनलाई परिवर्तन गर्न सक्छ। शाक्यमुनिल यहाँ "झारपातलाई गोड्ने" भन्ने कुरा हामी बेहोशी भएमा मनमा पलाउने सन्सारिक इक्षलाई धेरै उब्जन नदिएर अलिअली गोडेर मनलाई मलिलो बनाएमा मन ठुलो हुन्छ र बुद्धी पलाउने पोषण तत्व बनेर मन नरम र धनी हुन्छ भन्ने होला।

झारपातका बिषयमा बनस्पतिशास्त्रका बैज्ञानीक माकिनो तोमितारोले "झारपात" भनेका एक पत्रकारलाई "यो संसारमा झारपात भन्ने बनस्पती हुँदैन। किनकी जस्तो सुकै झारको पनि नाम हुन्छ" भनेर अर्ती दिएका थिए भनेर भनिन्छ। र एस्लाई जोडेर हेर्दा यहाँ भनेको मनको झारपात मतलब हरेक इक्षाको पनि गुण र अर्थ हुन्छ। इक्षालाई खाली इक्षामा अन्त गर्ने कि तेस्लाई आफ्नो बिकासमा प्रयोग गर्ने कुरा आफुमा नै भर पर्दछ।

यो बर्षको नयाँबर्षको दिन जापानको नोटो प्रायदिपमा ठुलो भुइँचालो गयो र ठुलो क्षति भयो। हाम्रोलागि भूकम्प भनेको खाली बिपत्ती हो तर पृथ्वीको इतिहासबाट हेर्दा यो सधै चलीरहेको प्राकृतिक नियम हो। एस्तो तथ्यलाई स्विकार गरी बिपतबाट मानवलाई बुद्धसँग जोड्ने एक प्रकृया हो पनि भन्न सकिन्छ। तर बिपतका कठोर अवस्था देखी मनका बिभिन्न भावनालाई तेत्तिकै राख्न पनि सकिन्न। ज्यान गुमाएकाप्रती समबेदना र अप्ठेरोमा परेका देखी करुणा मन नगरि बस्न सकिन्न।

हामीले सत्यको सामना गरी तेस्लाई ग्रहण गरी अनेक भावनाद्वारा दुख सहदै अझ बाच्ने बुद्धी र अरुप्रती गरिने करुणाको बिकास गर्दछौ। एसलाई नै जिवनभर हिड्ने बुद्धपथको भक्ती हो भन्न सकिन्छ।



# Interview

## अरुको पिडामा सहानभुती र बिचारशिल बन्न सक्ने मानिस बन्न सकु

रिश्शो कोसेइ काइ कोरिया
छे उगि

**कहिले र किन तपाईंले मन्दिरका गतिबिधिमा भाग लिन थाल्नुभयो ?**

आमा १९८९ मा रिश्शो कोसेइ काइको सदस्य र म दोस्रो पुस्ताकी हु । आमासँग दोजोमा पुजाकोलागि गएको म निम्न-माद्यामिकमा हुँदा हो । तेस्पछी मैले काम, बिहे र आमा बनी आफ्ना सन्तानको हेरचार गर्न बिजी भएर मन्दिरका ठुलो गतिबिधी बाहेक दोजोमा जान पाइन ।

र २०२२को अगस्तदेखी बिस्तारै मन्दिर फेरी जान थले तर खास कारण २०१८मा आफ्नी साथिसँग भएको मनमुटाबले गर्दा हो । तेतिबेलासम्म म ति साथीलाई बिश्वास गरेर आफ्ना सबै कुरा खुलस्त भन्थे तर उनिले एकदिन बिश्वासघात गरिन ।

मलाई धेरै तनाव भयो र मन्दिरमा आफ्नो मन शान्त गर्न भनेर होजा या जन्मजयन्ती पुजामा फेरी भाग लिन थाले । तर त्यो बेलामा मैले साथिको बारेमा मेरा अग्रजसँग कुरा राखेको थिइन । तर म अहिले उपदेशले गर्दा होला उनिलाई म दोष दिन्न बरु उनि खुशी हुन भनेर सोच्न सक्ने भएकी छु ।



*गम्भिर हुँदै होजा तलिममा उपदेश लिदै छेजि*



*अन्तरवार्ता दिदै छेजि*

**अहिले तपाईं समुह प्रमुख हुनुहुन्छ के तपाईंले यो काम तुरुन्तै स्विकार गर्नु भयो ?**

मैले अघिन २०२२ देखी फेरी मन्दिर जान सुरु गरे भने र त्यो बेलासम्म म काम गर्थे र दोजोमा शनिबार मात्र जान्थे, र २०२३मा काम छोडेपछी घरको काम र प्रमुखको काममा ध्यान दिन सक्ने भए । मेरो घरमा म सहित श्रीमान र दुइ छोरा छोरी छन । दुबै युनिभर्सिटी जान्छन तेसैले तेती हेरचार गर्नु पर्दैन । तेसैले अहिले काम पनि नहुनाले घरको काम चलेको छ र मैले काममा धेरै ध्यान सकेकी छु जस्तो लाग्छ । यो त बुद्धको मद्दतले समुह प्रमुखको भूमिका पाएको हो जस्तो लागेर खुशी र आभारी छु ।

**कस्तो बेलामा यो कामदेखी खुशी लाग्छ ?**

यो कामअघी म दोजोमा निष्कृय थिए तर २०२३ अगस्त १ देखी यो काम पाएपछी सकृय भएर काम गर्ने गरेको छु र यो शाखामा धेरै सकृय भएर बोल्ने गरेको छु । कसैले मलाई आदर्शकोरुमा हेरिरहेको छ भन्ने बुझेर आफ्नो काममा सक्दो

मेहेनत गर्छु भन्ने लगेको छ। यो मेरो सोचाइ मेरो मिशन हो कि के हो थाहा छैन तर यो कामलाई पुण्यकोरुपमा लिएकी छु।

## अरुलाई तेदोरी, मिचिबिकी गर्दा बुझ्नु भएको कुरा भनिदिनुस

अहिले मेरो दुइ मिल्ने साथी छन र ति मध्य एक म २०२२मा मन्दिर फेरी आउन सुरु गर्दा उनिले नै मलाई जाडोयाम ध्यानमा निम्तो दिइन। तिनिले गर्दा म उनिसँग सेप्टेम्बरको फ्रेम गरिएको गोहोन्जोनलाई मन्दिरमा लग्न सक्यौ। अर्कोतिर मेरी अर्की साथिलाई ब्याड्मिन्टन खेल्दा भेटेकी हु। उनिलाई यहाँ मिचिबिकी गर्छु भनेर उनिलाई मन्दिरमा निम्तो दिए। तर मैले उनिलाई सदस्य बन्न कर गरेको जस्तो भएर होला उनिलाई असजिलो लागेको नबुझेर उनि बिस्तारै मन्दिर आउन छोडिन। तर अहिले सोच्दा मैले गल्ती गरेछु जस्तो




*मन्दिरको पुजामा ढोलक बजाउदै छेजि*

लागेको छ र यो अनुभवले अरुको कुरा बुझेर दयालु भएर अरुको कुरा सुन्नु जरुरी छ भन्ने बुझे।

## तालिम या होजामा मन छोएका केहि कुराहरु छन ?

म मन्दिर जान सुरु गर्दा "आफु परिवर्तन भए अरु परिवर्तन हुन्छन्" भन्ने कुराले छोएर अहिले पनि मनमा त्यो कुरा गढेको छ। पहिला म खाली "अरु परिवर्त गर्छु" भन्ने कुरा मात्र सोच्थे। तर अहिले सोच्दा आफु परिवर्तन नभै अरु परिवर्तन हुँदैनन। तेसैले अरुको सोचाइ परिवर्तन गर्ने होईन कि आफ्नो सोच्ने तरिका या कार्य परिवर्तन गर्न जरुरी हुन्छ। साच्चै आफु परिवर्तन भएमा आफ्नो हेराइ या सोचै सकारातमक हुन्छ भन्ने कुरा सिके।

## रिश्शो कोसेइ काइका के कुरा मन पर्छ ?

कोरियाका परम्परागत मन्दिरमा गुरुले मन्त्र बाच गर्छन र उपदेश दिन्छन र सुन्नेहरुले "पन्च-सरिर" प्राथना गर्छन। यि कुरा धैरै पुज्य हुन तर यहाँ बिहान र बेलुकाका पुजा, होजा, चिरन्जिबी कर्म, मिचिबिकि, तेदोरी जस्ता धार्मिक काम आफै गर्न सकिन्छ। एस्ता सबै तालिम र गतिबिधिमा आफैले भाग लिने अनि अभ्यास गर्न पाउने कुरा नै सबैभन्दा राम्रो पक्ष हो जस्तो लाग्छ।

## तपाईंलाई हुन मन लाग्ने लिडर या प्रबन्धक को हुन ?

मैले सबैभन्दा आदर र एस्तो हुन्छु भनेर लक्ष राख्ने ब्यक्ती मन्दिर प्रमुख साचिको लि हुनुहुन्छ। रेबरेन्ड लि सधै बुद्धधर्ममा आधारित, संस्थापक अनि अध्यक्षका उपदेश सहिरुपमा बताउने कुरामा र साथमा सदस्यले सजिलै बुझुन भन्ने कुरामा धैरै ध्यान दिनु हुन्छ।

मेरो आदर्श ठुलो भयो भन्नु होला तर म रेबरेन्ड लि जस्तै कार्यकारी बन्न चाहन्छु।

## एस्पछीका इक्षा या ठोस लक्ष सुनाइदिनुस

सन २०२३लाई फर्केर हेर्दा मन्दिरमा फर्केको अरु सदस्यलाई देखाएर म कस्तो ब्यक्ती हु भनेर चिनाउने बर्ष भयो जस्तो लाग्छ। २०२४मा तेसमाथि आस्था राख्ने ब्यक्तिकोरुपमा अझ बिकसित हुन चाहन्छु। र ठोस लक्ष भनेको म अझै कम्सल छु तर टोल प्रमुख हुन सक्ने गरी मेहेनत गर्छु भन्ने छ।

तेस्को लागि सजग, साबधान र बिचारशिल हुने कुरामा ध्यान दिएर अरुको दुखमा करुणा गर्न सक्ने अनि दयालु बन्न मनलाई कार्यशिल गर्न सकु भन्ने छ। र परिवारमा उपदेश अभ्यास गर्न केहि गाह्रो छ तर मन्दिरमा सिकेका कुरा एक दुइ भए पनि परिवरभित्र पनि अभ्यास गर्न सक्ने गृहिणी र आमा हुन सकौ भन्ने कामना गर्दछु।



*परिवासँग छेजि*



# सदस्य भएपछीका अभ्यास

रमाइलो कुरा लेखेको हगि

साधारणतय बौद्धबेदी भन्ने कुरा कोसेइ काइमा "गोहोनजेन" भनिन्छ। सदस्य भएपछी "गोहोनजेन एस गोहोन्जोन (अनन्त माहा गुरु एक मात्र सर्बसम्मानित शाक्यमुनि) र "गोहोगो" धर्मा बिभुषण (संस्थापक र सह-संस्थापकको पुज्य नाम) पित्री नाम (सदस्यका पित्री नाम) स्थानिय कर्म नाम (ठाउँ अनुसारका देवीदेवता पुज्ने ठाउको नाम) स्वागत गरी बिनम्र भएर प्रतिस्थापन गरिन्छ।

प्रतिस्थापनको बेलामा ध्यान गर्ने संघका साथि मिली सुत्र पाठ गरी उपदेश अभ्यास गर्छु भनेर प्रण गरिन्छ।








थाहा छ ?

"नामु हो रेङे क्यो" भनेर हरेक दिन पाठ गरिने सुत्र। "नामु" भनेको आस्था। "हो रेङे क्यो" भनेको "पुण्डरिक सुत्र" को बिस्तारित नाम। तेसैले यो भनेको "पुण्डरिक सुत्र" को उपदेशलाई मनबाट बिश्वास गर्छु भन्ने कुरा हो।

*यो कमिक निजी प्रयोजन बाहेक बिना अनुमती प्रतिलिपी बनाउन र छाप्न निषेध गरिएको छ।*

# सदस्य भएपछीका अभ्यास






हरेक घरको गोहोनजेनमा गोहोन्जोन, गोहोगो, पिरी नाम्,स्थानिय कर्म नाम प्रतिस्थापन (मनबाट स्वागत) गरिन्छ।

गोहोनजेनमा बुद्ध र पितृकोलागि भनेर फुल, जल, नैबेद चडाउने गरिन्छ।

र हरेक दिन कृतज्ञ भएर राम्रो होस भनिन्छ र आफ्ना कर्मको पस्च्याताप पनि। बिहान कृतज्ञ भएर हात जोडेर नमन, स्कुलबाट फर्केपछी आफुले गरेको कम सुनाएमा बुद्ध र पित्री धेरै खुशी हुनेछन।

# भूमिका भएको ब्यक्ति

## बुद् सन्तानको भूमिका

Rev. Nikkyo Niwano
Founder of Rissho Kosei-kai



रिश्शो कोसेइ काइमा “ओयाकु अर्थात भूमिका” लाई धैरै महत्व दिइन्छ। “त्यो मान्छेको यो भूमिका हो” या “तपाईंको भूमिका के हो ?” भन्ने कुरा सुनिन्छ।

र यो ‘भूमिका” भनेको शाखा प्रमुख या प्रबन्धकको मात्र होईन कि सदस्य सबैको महत्वपुर्ण “भूमिका” या मिशन हुन्छ। र हामी जब पुण्डरिक सुत्रमा समर्पित हुन्छौ एसको उपदेश हामी स्पष्टसँग बुझ्ने छौ।

सर्बप्रथम “उपाय अध्याय” मा बुद्ध यो संसारमा “ठुलो कर्म” ले आएक हुन भनिएको छ। र त्यो

“ठुलो कर्म" भनेको सबैलाई बुद्ध पथमा लिएर बुद्धको आफ्नो लोकमा डोराउने भन्ने बृहत कामना हो। सदस्यहरु पहिला नै “बुद्धको ठुलो कर्म” मा सोझै जोडिएको ले सबैको साझा “भूमिका” भनेको बुद्धको सन्तानकोरुपमा बुद्धको दास भएर सकेसम्म धेरैलाई बुद्धको पथमा डोराउन सर्ब शक्ती लगाउनु हो।

एस्तो आधारभुत “भूमिका” बाहेक मन्दिरमा बिभिन्न अरु “भूमिका हुन्छन। र तेसका महत्वको बारेमा पुण्डरिक सुत्रको उपदेशद्वारा बिचार गरेमा सजिलै बुझ्न सकिन्छ। तेसैल त्यो उपदेशको मुख्य अंश संक्षिप्तरुपमा भन्यो भने:

१ यो संसारको सबै अस्तित्व “साश्वत बुद्ध” द्वारा संभव भएको हो।

२ तेसैले सबैको अस्तित्व बराबर हुन्छ र देखिएका परिघटनाले बिभिन्न भूमिका पाए पनि राम्रोसँग आफ्नो कर्तब्य निभाएमा बुद्धत्व प्राप्त हुन्छ।

३ यो संसार सबै प्राणिको समुदाय हो र सबै प्राणिको सहकार्य नै सत्य हो। यो सहकार्य पुर्ण रुपमा गरेमा आदर्श समाज "बुद्ध क्षेत्र” को निर्माण हुन्छ।

यी तीन कुरालाई बिचार गरेमा जस्तो सुकै “भूमिका” पए पनि तेसको महत्व बुझ्न सकिन्छ जस्तो लाग्छ।



# Director's Column

## बिशाल आकाशमुनिका अनजानलाई खुशी बाड्नेहरु

Rev. Keiichi Akagawa
Director, Rissho Kosei-kai International

सबैजना अब त पुर्णरुपमा बसन्त छाएको जस्तो छ । अप्रिल ८ मा "बुद्ध जयन्ती पुजा" हुने गर्छ । यो बेलामा शाक्यमुनिको जन्मदिन मनाइन्छ ।


र यो बसन्त मौसम तपाईंहरु मोहक हुनु भएको होला तर मैले केहि दिनअघी ठुलो गल्ती गरे । काम गर्ने अफिसको कार्ड र आइड कार्ड भएको महत्वपुर्ण झोला काममा आउँदा कतै खासलेछु । जता खोजे पनि भेटिन । कतै हराए होला र अब पाउने छैन भनेर दुखद सोचाइ आउन थाल्यो । तर पाइन्न कि भन्ने लाग्दालाग्दै पनि हराएको सामान फेला पर्ने स्टेस्शनको नम्बरमा फोन गरे । हराएको ४ घण्टा नबित्दै कसैले त्यो ब्यागलाई रेलको अफिसमा पुराइदिएका रहेछन । आफ्नो बेहोशिले हराएको भनेर पस्च्याताप र दुखमा डुबेको थिए तर अब पक्कै फेला पर्‍यो भन्ने थाहा पाएपछी भने आखाअघी उजाल्यो छायो । नचिनेको मान्छेको दयाकोलागि मेरो मन कृतज्ञले भरिएको छ । यो सानो दुखद घटनाको अनुभवले मा पानि यो बिशाल आकशका मुनी अनजान अरुकोनिम्ती खुशी पुराउन सक्ने मानिस बन्न सकु भन्ने दृढ भावना पलायो ।




*२०२४ फेब्रुअरी २५ मा ताइहोकु मन्दिरका सदस्यसँग( निर्देशक आकागावा अघिल्लो पंक्ती बिचमा)*




# A Global Buddhist Movement




**Information about local Dharma centers**

**facebook**

**twitter**

We welcome comments on our newsletter Living the Lotus: living.the.lotus.rk-international@kosei-kai.or.jp